
राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# द पब्लिक टुडे
The Public Today National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १६६ | २०८२ फाल्गुन १७ गते आईतवार | (Sunday, 1 Mar., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# घरअघिकै धुलाम्मे सडकले गिज्याइरहेका शरतसिंह



**शैलेन्द्र महतो**

*जनकपुरधाम, फाल्गुन १६ गते ।*

धुलाम्मे अव्यवस्थित कच्ची सडकको छेउमै मंगलबार दिउँसो घरअगाडि उभिएकी महोत्तरीको बलवा नगरपालिका-७ बनौटाकी ६५ वर्षीया सुमित्रा देवी महतो निराश सुनिइन् ।

'कयौँपटक मत खसाएँ, तर हाम्रो घरअगाडिको बाटो समेत बनेन । हेर्नुस् बाटो,' उनले धुलाम्मे सडक देखाउँदै भनिन् 'अहिले धुलो उड्छ, वर्षामा डुबान हुन्छ । सास्ती झेल्नु पर्छ ।'

उनको दक्षिण छेउमै छ, बलवाका मेयर राम विजय महतोको घर । तर पनि उनले विकासको अनुभूति गर्न सकेकी छैनन् । यो महोत्तरी क्षेत्र नं. २ की मतदाता महतो विगतमा प्रतिनिधिसभामा समेत जितेर गएका जनप्रतिनिधिले काम नगरेकाले यसपटक मत परिवर्तन गर्ने मनस्थितिमा पुगेकी छन् ।

महोत्तरी क्षेत्र नं. २ बाट हाल जसपा नेपालका शरतसिंह भण्डारी दुईपटक निरन्तर चुनाव जितेका छन् । उनी नेपालमै सर्वाधिक १९ पटक मन्त्री बनेका नेता हुन् । यस बेला उनी जसपा नेपालबाट यस क्षेत्रमा तेस्रो पटक चुनावी दौडमा छन् ।

यस क्षेत्रमा नेपाली कांग्रेसकी किरण यादव, नेकपा एमालेका कासिम नदाफ र राष्ट्रिय स्वतन्त्र पार्टीका दीपककुमार साह, नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मणकुमार यादव, जनमत पार्टीका जयकुमार पाण्डेय, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामलखन साह कानुसहित दल र स्वतन्त्र गरी ३७ उम्मेदवार चुनावी मैदानमा छन् ।

मंगलबार नै बनौटा भन्दा पाँच किलोमिटर पूर्वमा पर्ने लोहारपट्टी नगरपालिका २ बगडा टोलमा दिउँसो १ बजे तिर जसपा नेपालका उम्मेदवार भण्डारी घरदैलो गर्दै गर्दा उत्साहित देखिन्थे । उनलाई कतिपय मतदाता घरबाटै निस्केर उल्टै खुट्टा ढोग्ने गरेको देखिए ।

तर, केही बेरपछि गाउँको छेउमै भेटिएका स्थानीय कृषक कृष्ण साह उस्तै निराश सुनिए । विगतमा पटक पटक मत दिएर जितेर गएका सांसदको भूमिकाबाट असन्तुष्ट उनी यसपटक मत खसाल्ने मनस्थितिमै नरहेको हामीलाई सुनाए । 'यसपटक त मत

- बाँकी पृष्ठ ३ मा

# इरानमाथि इजरायल र अमेरिकाको भीषण आक्रमण



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १६ गते ।*

अपरेसन एपिक क्युरी नाम दिएर अमेरिका र इजरायलले इरानको राजधानी तेहरानसहित विभिन्न स्थानमा 'ठूलो सैन्य कारबाही' गरिरहेको छ। इरानले पनि बदलामा इजरायल र मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडामा मिसाइल प्रहार गरेको छ । यो हमलासँगै अहिले मध्यपूर्वमा तनाव उत्कर्षमा पुगेको छ। यस घटनासँग सम्बन्धित मुख्य विषयहरु :

**१. आक्रमण कहाँ र कसरी भयो ?**

नेपाली समय अनुसार शनिवार बिहान इरानको राजधानी तेहरानमा शक्तिशाली विस्फोटका आवाजहरू सुनिएका थिए । त्यसमा तेहरानको युनिभर्सिटी स्ट्रिट, जम्हुरी क्षेत्र र इरानी रिभोलुसनरी गार्डको मुख्यालय नजिकै मिसाइल प्रहार भयो । इरानका सर्वोच्च नेता आयतोल्लाह अलि खामेनीको कार्यालय नजिकै पनि आक्रमण भएको दाबीहरू आइरहेका छन् । तेहरानबाहेक कर्मनशाह, कोम, ताब्रिज, इस्फ़ाहान र इलम जस्ता शहरहरूमा पनि विस्फोट भएका छन् ।

**२. ट्रम्पको उद्देश्य के हो?**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यो अपरेसन जारी रहने बताए ।

उनले अमेरिकी सैन्य अभियानका मुख्य ४ उद्देश्यहरू सार्वजनिक गरेका छन् । त्यसमा इरानको मिसाइल क्षमतालाई ध्वस्त पार्ने, इरानी नौसेनालाई समाप्त पार्ने, इरान समर्थित सशस्त्र समूहहरूलाई निस्तेज पार्ने र इरानलाई परमाणु हतियार बनाउनबाट रोक्ने बताइएको छ । 'जब हामी यो काम सक्छौँ, तब आफ्नो सरकार आफैँ सम्हाल्नुहोस् । यो तपाईंहरूको लागि पुस्तौँपछिको एउटै अवसर हुन सक्छ,' ट्रम्पले इरानी जनतालाई सम्बोधन गर्दै भनेका

- बाँकी पृष्ठ ३ मा

## मतदातामा छैन उत्साह

# गाउँमा व्यस्त उम्मेदवार, किसानलाई जंगल मोह

**रोशन कुमार महतो**

*बर्दिबास, फाल्गुन १६ गते ।*

बिहानको चिसो अझै पूर्ण रूपमा हटेको छैन । गाउँ चुनावी नाराले तातेको छ । यही बेला गाउँतिर चुनावी नाराहरू गुन्जिरहेका छन् । तर बर्दिबासका उत्तरी भेगका किसानहरूलाई अहिले चुनावभन्दा परबल खेतीको चटारो छ ।

बर्दिबास नगरपालिका वडा नं ४, ५, १० र ११ आसपासको जंगली क्षेत्रमा बिहानैदेखि मानिसहरूको भीड देखिन्छ । उनीहरूको हातमा चुनावी पर्चा होइन, सखुवाको पातले भरिएका बोरा छन् । यी पात उनीहरूका लागि साधारण होइनन् । यही पात परबल खेतीको 'ओछ्यान' हो । खेतमा ओछ्याएपछि जमिन ओसिलो रहन्छ, झार कम उम्रिन्छ र पछि सडेर मल बन्छ । किसानहरू भन्छन्, 'यो पात नै पैसा हो ।'



माईस्थान जंगलतिर भेटिएका बिर्खलाल स्याम बिहानैदेखि पात सोहोर्दै थिए । गडन्ता टोलका उनी करिब ७-८ कट्ठामा परबल खेती गर्छन् । गाउँमा कतिपय किसानले १-२ बिघासम्म परबल लगाएका छन् ।

उनका अनुसार वैशाखदेखि आम्दानी सुरु हुन्छ र असोज-कार्तिकसम्म चल्छ । 'हप्तामा एकचोटि टिपिन्छ। राम्रो उत्पादन भयो भने परिवार राम्रैसँग चल्छ,' उनले भने ।

जंगलमा थुप्रै किसान देखिन्छन् । कोही साइकलमा बोरा बाँधिरहेका छन्, कोही मोटरसाइकलमा ओसारिरहेका । पात झरेपछि जम्मा गर्ने, खेतमा थन्क्याउने र हावाले नउडाओस् भनेर छोप्ने– कामको आफ्नै ताल छ ।

चुनावबारे सोध्दा उनी मुस्कुराउँछन् । भन्छन्, 'हाम्रो लागि के चुनाव? अहिले कामको बेला हो । भोट त दिन्छौं, तर भ्रष्टाचार नगर्ने नेता चाहियो ।'

गाउँमा बाटो र खानेपानीको समस्या अझै समाधान हुन सकेको छैन । 'अलिअलि काम त भएको छ, तर धेरै गर्न बाँकी छ,' उनी भन्छन् ।

ढुङ्गे क्षेत्रका मेघबहादुर थापा मोटरसाइकलमा पात बोकेर फर्किंदै थिए । उनी करिब डेढ बिघामा परबल लगाउँछन् । 'पैसा परबलबाटै आउँछ,' उनी भन्छन्, 'चुनाव रमाइलो होला, तर हाम्रो काम यही हो । काम नगरे खान पाइँदैन ।'

उनका अनुसार सिँचाइ सबैभन्दा ठूलो समस्या हो । पानीको भरपर्दो व्यवस्था भए आम्दानी बढ्न सक्छ । अहिले भने वर्षा र उपलब्ध स्रोतकै भर पर्नुपरेको छ ।

परबल खेती यहाँको प्रमुख नगदे बाली बनेको छ । वर्षभरि खर्च धान्न यही खेतीले

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# इजरायल र इरानको यात्रा नगर्न सरकारको आह्वान




**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १६ गते ।*

नेपाल सरकारले अवस्था सामान्य नहुँदासम्म नेपाली नागरिकहरूलाई इजरायल र इरानको यात्रा नगर्न आह्वान गरेको छ । परराष्ट्र मन्त्रालयले शनिबार एडभाइजरी जारी गर्दै दुवै देशको अवस्था सामान्य नहुँदासम्म नेपाली नागरिकलाई यात्रा स्थगित गर्न कडाइका साथ सुझाव दिएको हो ।

'इजरायल वा इरान यात्रा गर्ने योजना बनाएका नेपाली नागरिकहरूलाई दुवै देशको अवस्था सामान्य नहुँदासम्म आफ्नो यात्रा स्थगित गर्न कडाइका साथ सुझाव दिइन्छ,' एडभाइजरीमा भनिएको छ ।

सरकारले मध्यपूर्व क्षेत्रमा विकसित हुँदै गएको अवस्थालाई नजिकबाट अनुगमन गरिरहेको भन्दै हाल इजरायल र इरानमा बसोबास गरिरहेका नेपाली नागरिकहरूलाई सावधानीका उपायहरू अपनाउन अनुरोध गरेको छ । 'इजरायल र इरानद्वारा जारी गरिएका सुरक्षा परामर्श तथा निर्देशनहरू कडाइका साथ पालना गर्नुहोस्,' परराष्ट्र मन्त्रालयले भनेको छ, 'सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस्, र आफू रहेको स्थानको नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् ।' मन्त्रालयले इजरायल र इरानका सम्बन्धित निकायहरूको पूर्वअनुमतिबिना यात्रा नगर्न पनि भनेको छ ।

## विदेशीलाई नागरिकता...

उनले नेपालको भूमि आदिवासी जनजातिको भएको उल्लेख गर्दै भ्रम फैलाउने काम बन्द गर्न आग्रह गरे । साथै अवैध रूपमा नेपाली सम्पत्ति विदेश लैजाने प्रवृत्ति रोक्नुपर्ने बताए । कर प्रणाली सुधार, भ्रष्टाचार अन्त्य र अर्थतन्त्र सुदृढीकरण आफ्नो प्राथमिकता रहेको उनले बताए । नेपालमा तीन तहको संघीय संरचना र ७६१ वटा सरकार रहेको भन्दै संघीयताको मर्म धुमिल भएको टिप्पणी गरे । दलतन्त्रको अन्त्य गरी जनतालाई देशको वास्तविक मालिक बनाउने उद्घोष पनि उनले गरे । साहले मौलापुरको विकास मोडेल देशव्यापी रूपमा लागू गर्ने घोषणा गर्दै पानी, विद्युत्, शिक्षा र स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने दाबी गरे। आफू प्रधानमन्त्री बने नेपालमा विद्युत्, सञ्चार सेवा (मोबाइल र डाटा) तथा खानेपानी निःशुल्क उपलब्ध गराउने उनले दाबी गरे ।

# ओलीको दोस्रो संस्करण संघारमा

"राणा र शाहको तानाशाह ढलेपछि ओली जन्मिएका थिए । र, ओली ढलेपछि अर्को तानाशाहको जन्म हुँदैछ । जसको मनमा करुणा र समभाव हुँदैन, त्यो मान्छे हिटलर, इदी अमिन र ओली जस्तै बन्छ । हामीलाई यस्तै अर्को ओली चाहिएको छैन ।"

**लेनिन बन्जाडे**



**लेनिन बन्जाडे**

*विचार*

राजनीति तथ्यले होइन, कथ्यले चल्छ । र, जसले कथा बुन्न जानेको छ, हाम्रो जस्तो हरितन्नम मुलुकमा त्यही मान्छे नायक बन्छ ।

नेपाली राजनीतिको रङ्गमञ्चमा यो सूत्रका सबैभन्दा ठूला र सिपालु कथावाचक हुन्– केपी शर्मा ओली । र, यो विराट कथाका मुख्य पात्र, निर्देशक र नायक उनी आफैं हुन् । फेसबुकका भित्तादेखि चियापसलका गफसम्म उनका चुच्चे नक्सा र अदम्य स्वाभिमानका कथा चल्छन् । १० वर्षयता यस्ता कथाले उनलाई ४ पटक सिंहदरबारको ढोका छिरायो । एमालेका होलटाइमरहरू उनको 'राष्ट्रवाद'लाई गीता झैं सिरानीमा राखेर सुत्छन् र बिहान उठेर त्यसकै जप गर्छन् ।

तर, त्यो राष्ट्रवाद ओलीको वैचारिक गन्तव्य र निष्ठा कहिल्यै थिएन । २०७२ को सङ्कटले जुराइदिएको एउटा राजनीतिक संयोग मात्रै थियो । त्यही संयोगको ब्रान्डिङ गरेर भोट बटुल्न अहिले एमालेको सम्पूर्ण संयन्त्र असिनपसिन हुँदै डिजिटल युद्धमैदानमा भिडिरहेको छ । ओली सत्ताच्यूत भएपछि बेरोजगार भएका विष्णु रिमालहरू ओलीगाथाका चुनावी भिडियो सेयर गर्दै बुढ्यौली कटाइरहेका छन् । रिमाल एन्ड कम्पनीले ओलीलाई राजनेताको रूपमा जन्माउँदै थिए, तर उनी बालकोटको बार्दली र गुन्डुको पर्खालतिर खुम्चिएर लाजनेता भई बसे । २०७२ अघिका ओली एमालेका एक चतुर खेलाडी मात्र थिए । उनीसँग संगठनमा पकड थियो, जिब्रोमा उखान र विपक्षीलाई साइजमा राख्ने रणनीति थियो । तर, उनीसँग 'इतिहास' थिएन । मदन भण्डारीसँग 'बहुदलीय जनवाद'को वैचारिक उचाइ थियो, प्रचण्डसँग बन्दुकको राप थियो, शेरबहादुर देउवासँग संस्थागत विरासत थियो । ओलीसँग केवल पार्टीको आन्तरिक जोडघटाउ र गुटको राजनीति थियो । उनी इतिहासले आफैं बोकेका पात्र थिएनन् । बरू इतिहासको कुनै मोडमा आफ्नो भूमिका खोजिरहेका एक महत्त्वाकांक्षी अभिनेता थिए । २०७२ को भूकम्पले थिलोथिलो भएको देशमा जब भारतले नाकाबन्दी लगायो, नेपाली मनोविज्ञानमा एउटा ठूलो नेतृत्वदायी रिक्तता जन्मियो । कांग्रेस दिल्लीसँग सम्झौताको भाषा खोज्दै थियो, माओवादी आफ्नै अस्तित्वको अलमलमा थियो । ठीक त्यही 'भ्याकुम'मा ओलीले खुट्टा छिराए । 'दबाबमा संविधान संशोधन हुँदैन' भन्ने अभिव्यक्तिले उनलाई औसत नेताबाट नायक बनायो । उनले जनताको नसामा बगिरहेको आक्रोशलाई 'हाइज्याक' गरे । जसरी सुशासन खोज्दै हिँडेका जेनजीको आन्दोलनलाई ३६ वर्षका सुदन गुरुङले सडकबाटै 'हाइज्याक' गरे । ओलीले नाकाबन्दीको भेललाई आफ्नो सत्ताको डुंगा खियाउने माध्यम बनाए । ओलीको राजनीतिमा राष्ट्रवाद कुनै स्थायी सिद्धान्त वा जीवनदर्शन होइन । यो एउटा मौसमी ढाल मात्र हो । उनले एउटा छिमेकी (भारत)को निर्भरताबाट तर्किन अर्को छिमेकी (चीन)को कार्ड खेले । उनी राष्ट्रवादी नायक हुन्थे भने आत्मनिर्भरता र सन्तुलित कूटनीतिको बाटो हिँड्थे । तर, उनी इतिहासका पानामा नायक होइन, खलनायकको रूपमा उदाए । ओली राष्ट्रवादको एउटा निश्चित ढाँचा छ । जब सरकार संकटमा पर्छ, जब पार्टीभित्र विद्रोह हुन्छ, जब चुनाव आउँछ– एकाएक ओलीको राष्ट्रवाद भेल आएको बागमती झैं उर्लिन्छ । जुन राष्ट्रवाद कुनै अमुक शत्रु देखाएर मात्र जीवित रहिरहन्छ– त्यो विचार होइन, व्यापार हो । र, ओली यो दुःखी मुलुकका सुखी व्यापारी हुन् । ती व्यापारीले राष्ट्र र लोकतन्त्रका संस्था ढाल्न सम्पूर्ण शक्ति खर्चिए । आफ्नो अहंकारको तुष्टिका लागि दुई-दुई पटक संसद् विघटन गरे । विधिको शासन लत्याउँदै धमाधम अध्यादेशको खेतीपातीमा असारे रोपाइँ गरे । आलोचकमाथि मोदीभन्दा बढी असहिष्णु भए । 'अरिंगाल' परिचालनदेखि 'साइबर सेना' सम्मको भद्दा प्रयोग उनकै पालामा भयो । संस्थागत र नीतिगत भ्रष्टाचारमा उनले पञ्चायतदेखि गणतन्त्रसम्मका सबै रेकर्ड उछिने । ओली अध्यक्ष हुँदा एमालेले १० वर्षमा २३० दिनभन्दा बढी संसद् अवरुद्ध गऱ्यो । संसदमाथि सबैभन्दा बढी आक्रमण गर्ने तिनै ओली र उनका प्रजाहरू अहिले फेरि संसदीय चुनावमा भिडिरहेका छन् । केपी ओली नाकाबन्दीका उत्पादन हुन् भन्नु उनको अपमान होइन, कठोर ऐतिहासिक यथार्थ हो । उनी बजारमा उपलब्ध त्यस्तो चम्किलो उत्पादन हुन्, जसको बाहिरी आवरण त राम्रो छ तर 'एक्सपायरी डेट' (म्याद) गुज्रिसकेको छ । उनी देशका लागि 'राइट म्यान' कहिल्यै थिएनन् । उनी त 'राइट टाइम'मा 'राइट ठाउँ'मा उभिएका चतुर अवसरवादी पात्र मात्र हुन् । उनको उदय नेपाली राजनीतिको एउटा यस्तो विरोधाभास हो, जहाँ उनले भावनाको बजारमा थिति र विधिको तेजोबध गरे । उनले जनतालाई पानीजहाज र ग्यासलाइनको सपना त बाँडे तर ती सपना केवल सत्ता चढ्ने मजबुत भऱ्याङ मात्र बने । अलि अस्ति फेरि दाहिने हातको चोर औंलो ठड्याउँदै पाइपबाट घरघरमा ग्यास पुऱ्याउँछु भनेर भोट मागे । मलाई लाग्यो– उनले गलत औंलो ठड्याए । २०७२ मा नाकाबन्दी हुन्थेन भने ओली आज एमालेको एउटा कुनामा उखानटुक्का सुनाइरहेका र कार्यकता हँसाइरहेका एक औसत नेता मात्र हुन्थे । नाकाबन्दीले उनलाई राजनीतिक मोक्ष दिलायो । जुन राष्ट्रवादको भऱ्याङ चढेर उनी सिंहासनमा पुगे, त्यही राष्ट्रवाद आज उनको अधिनायकवादी छाया र असफलताहरू लुकाउने सस्तो र रंगहीन पर्दा बनेको छ ।

इतिहासले ओलीलाई एउटा यस्तो कथाकारका रूपमा सम्झिनेछ, जसले कथा त असाध्यै राम्रो भन्यो तर देशलाई एउटा गतिलो चरित्र दिन सकेन । उनले सीमाको ढुंगामा राष्ट्रवादको चर्को नारा त कोरे, तर नागरिकका खुम्चिएका निधारमा आशाको एउटा रेखा पनि कोरिदिन सकेनन् ।

ओली आजको युगका रोलमोडल होइन, सबैभन्दा हिट 'मिम आइकन' हुन् । उनी सुरिलो बाँसुरी बजाइदिन्छन् । तबला र ढोलकका ओस्ताज हुन् । क्यारमबोर्ड खेल्छन्, कविता लेख्छन् । उफ्रीउफ्री ब्याडमिन्टन खेल्दिन्छन् । चित्र कोरेर दर्शकलाई टिलपिल टिलपिल पारिदिन्छन् । आयुर्वेद र मेडिसिनमा उनको ज्ञान असीमित छ । कविता र गीत लेखेर सारा देशलाई भक्कानो छुटाइदिन्छन् । उनी यस्ता 'हमजाएगा' हुन्, जोबिना हाम्रो उदास अनुहारबाट उहिल्यै हाँसो हराइसक्थ्यो । देश मात्रै चलाउन जानिदिएको भए उनी हमजाएगा झैं अमर हुन्थे ।

राणा र शाहको तानाशाह ढलेपछि ओली जन्मिएका थिए । र, ओली ढलेपछि अर्को तानाशाहको जन्म हुँदै छ । जसको मनमा करुणा र समभाव हुँदैन, त्यो मान्छे हिटलर, इदी अमिन र ओली जस्तै बन्छ । कलिला केटाकेटी मार्दा 'सरी' पनि भन्न नसक्ने ओली एकसिंगे गैंडा जत्तिकै चाम्रा भइसके । हामीलाई यस्तै अर्को ओली चाहिएको छैन ।

## राशिफल

- मेष – चिन्ता बढ्न सक्छ ।
- वृष – दौडधुप गर्नुपर्ला ।
- मिथुन – उत्साह जगाउनेछ ।
- कर्कट – रोकिएको काम बन्नेछ ।
- सिंह – अध्ययनमा प्रगति हुने ।
- कन्या – फाईदा हुने ।
- तुला – आफन्त टाँढिन सक्छ ।
- वृश्चिक – सामान्य प्रगति हुनेछ ।
- धनु – अवसर प्राप्त हुने ।
- मकर – आर्थिक अभाव देखापर्ला ।
- कुम्भ – काममा बाधा हुने ।
- मिन – आम्दानीको नयाँ स्रोत फेला पर्ने ।

## आवश्यक टेलिफोन नम्बरहरु

### महोत्तरी-०४४

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय, जलेश्वर | ५२०१९९ |
| इलाका प्रहरी कार्यलय, बर्दिवास | ५५०००६ |
| इलाका प्रहरी कार्यलय, गौशाला | ५५६१०० |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय, बर्दिवास | ५५००५५ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य कार्यालय, गौशाला एम्बुलेन्स | ९८४४२९५९७० |
| बर्दिवास अस्पताल | ५५००९० |
| डक्रस एम्बुलेन्स | ५२०१०० |
| एकीकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| डक्रस एम्बुलेन्स | ५२०१०० |
| विधुत फ्युज शाखा (जलेश्वर) | ५२००६६, ५२०१६६ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ |
| जलेश्वर अस्पताल | ५२००७० |

### धनुषा-०४१

| | |
|---|---|
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| जउनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स डक्रस | १०२ |
| जनकपुर अंचल अस्पताल | ५२००३३ |
| जानकी हेल्थ केयर एण्ड टिचिङ्ग अस्पताल | ५२३३४१ |
| रक्तसंचार (डक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| एयरपोर्ट | ५२००४४ |
| हिमालय युवा क्लव, एम्बुलेन्स | ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यलय, ढल्केवर | ५६०१०० |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाईन्स, शिवचोक | ५९०७६९ |

# इरानमाथि इजरायल र अमेरिकाको...

छन् ।

**३. इरानको जवाफी हमला**

उता इरानले पनि अमेरिका र इजरायलले गरेको हमलामा चुपचाप सहेर नबस्ने चेतावनी दिँदै तत्कालै जवाफी हमला सुरु गरेको छ । इरानले उत्तरी इजरायलका विभिन्न भागमा मिसाइल प्रहार गरेको छ भने त्यहाँ चेतावनीका साइरनहरू बजिरहेका छन् ।

इरानले कतार (अल उदेद), कुवेत (अल सालेम), संयुक्त अरब इमिरेट्स (अल धाफ्रा) र बहराइनमा रहेको अमेरिकी पाँचौं फ्लीटको मुख्यालयमा मिसाइल प्रहार गरेको छ ।

**४. किन भयो यो आक्रमण?**

ओमानको मध्यस्थतामा अमेरिका र इरानबीच परमाणु कार्यक्रमबारे वार्ता भइरहेको बेलामा एकाएक यो आक्रमण भएको हो । इरानले आफ्नो युरेनियम भण्डारण शून्यमा झार्ने सहमति जनाएको चर्चाकाबीच सैन्य कारबाही सुरु भएको हो ।

इजरायल र अमेरिकाले इरानको परमाणु कार्यक्रमलाई आफ्नो अस्तित्वका लागि खतरा मान्दै आएका छन् । यसअघि सन् २०२५ जुनमा पनि यी दुई देशले इरानी सैन्य कमान्डरहरूको हत्या र परमाणु केन्द्रमा आक्रमण गरेका थिए ।

**५. विश्वको प्रतिक्रिया: को कता?**

कतार र युएईले इरानी आक्रमणको निन्दा गर्दै यसले क्षेत्रीय सार्वभौमिकता उल्लंघन गरेको बताएका छन् । फ्रान्स र युरोपेली संघले तनाव तत्काल रोक्न र अन्तर्राष्ट्रिय कानुनको पालना गर्न आग्रह गरेका छन् । रुसले अमेरिकाले वार्तालाई केवल 'आक्रमणको बहाना' बनाएको आरोप लगाएको छ । ओमानले मध्यस्थकर्ता ओमानले अमेरिकालाई यो युद्धको भुमरीमा थप नफस्न चेतावनी दिएको छ । अहिलेसम्म इरानका सर्वोच्च नेता खामेनी कहाँ छन् भन्ने प्रस्ट भएको छैन, तर राष्ट्रपति मसुद पेजेस्कियान सुरक्षित रहेको बताइएको छ । दुवैतर्फ भएको मानवीय र भौतिक क्षतिको आधिकारिक विवरण आउन बाँकी छ

# गाउँमा व्यस्त उम्मेदवार...

सहयोग गर्छ । राम्रो सिजनमा केही किसानले हप्तामा ६-७ हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन्, यद्यपि सबैको अवस्था समान छैन ।

जंगलमै पात बटुल्दै भेटिएकी ४३ वर्षीया गंगा कुमारी साप्कोटा मगर पाँच कठ्ठामा परबल लगाउँछिन् । बिहान ७ बजेदेखि काम सुरु हुन्छ । घर फर्केर खाना खाएपछि फेरि जंगलतिरै । उनले सात बोरा पात जम्मा गरिसकेकी छन् । अझै १०-१५ दिन लाग्ने बताउँछिन् ।

'हप्ताको ६-७ हजार आउँछ,' उनी भन्छिन् । वनबाट पात संकलनका लागि शुल्क लाग्दैन । तर जंगल जोगाउने विषयमा उनको चिन्ता गम्भीर छ । 'काट्न दिँदैनौं कसैलाई। वन सकियो भने खेती कसरी गर्ने ?'

उनको अनुभवमा चुनावी टोली गाउँमा हिँडेको देखिए पनि प्रत्यक्ष संवाद कम छ । 'आफू त पात टिपिराख्या छ,' उनी भन्छिन् । गाउँमा बाटोको अवस्था सन्तोषजनक छैन । कतै अलकत्रा हालेर अधुरै छोडिएको छ, कतै वर्षाले बगाएको छ । जंगलभित्र बनेको बाटो पनि गाउँसम्म व्यवस्थित रूपमा जोडिएको छैन । स्थानीयहरूको साझा माग स्पष्ट छ– विकास चाहिन्छ, तर भ्रष्टाचार नहोस् ।

चुनाव नजिकिँदै जाँदा गाउँमा राजनीतिक चहलपहल बढेको छ । तर जंगलतिर दृश्य फरक छ। यहाँ राजनीतिक भाषणभन्दा श्रमको आवाज ठूलो छ ।

बर्दिबासका उत्तरी गाउँहरूमा अहिले प्राथमिकता स्पष्ट छ– परबल खेती । चुनाव केही दिनमै सकिन्छ, तर खेतीको सिजन छोटो छ । पात नजम्मा गरे उत्पादन घट्छ । महिलादेखि वृद्धसम्म बोरा बोकेर हिँडिरहेका छन् ।

परबल खेतीले यहाँको ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको छ । सखुवाको पात प्राकृतिक मल र संरक्षण सामग्री बनेको छ । बर्दिबासको उत्तरी जंगल अहिले केवल हरियो परिदृश्य होइन– जीविकाको आधार हो ।

उनीहरू परिवर्तन चाहन्छन्, तर आफ्नो श्रमबाट आउने परिणाममै बढी भरोसा गर्छन् । चुनावपछि सरकार बदलिन सक्छ, प्रतिनिधि बदलिन सक्छन् । तर जंगल, पात र परबल– यी तीनले जोडेको सम्बन्ध भने अहिलेका लागि अटुट छ ।

किसानहरूको सन्देश सरल छ– विकास होस्, भ्रष्टाचार रोकिन्छ, आधारभूत समस्या समाधान होस् । तर त्यो दिन नआउन्जेल उनीहरूका लागि जंगलकै पात नै सबैभन्दा ठूलो सम्पत्ति हो ।


परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने

सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने

लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने

घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने

घर वरपर पानी जम्न नदिने

रामगोपालपुर नगरपालिका

रामगोपालपुर, महोत्तरी


# निर्वाचनको तयारी अन्तिम...

जानकारी दिए । निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

त्यसैगरी, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । एक ४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् ।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।

# घरअघिकै धुलाम्मे सडकले...

हाल्ने मन नै छैन । जितेपछि फर्केर आउँदैनन्, न कुनै काम गर्छन् ?' साँझ गाउँकै छेउमा भेटिएका साह दिक्दार देखिए ।

कृषि पेशामा आबद्ध उनको निराशाको मुख्य कारण हो, सिंचाई अभाव । भंगहा नगरपालिका-९ धर्मपुरबाट आउने पैनीबाट चार वर्षअघिसम्म खेतमा सिंचाइ हुन्थ्यो। तर सडक निर्माणका क्रममा पैनी पुरिएपछि सिंचाइ पूर्ण रूपमा बन्द भएको छ ।

'खेतीका लागि सिंचाइ छैन । धर्मपुरबाट आएको पैनी सडक बन्दा पुरियो । त्यसलाई सञ्चालन गर्न विगतमा जितेकाहरूले केही गरेनन्,' उनी दुःखी हुँदै भने । जितेकाले आफ्ना केही आसेपासेलाई मात्र बोरिङ बाडेको उनको भनाइ छ । त्यहाँबाट चार किलोमिटर पश्चिममा खेतमै खेतमा सिंचाई गरिरहेका थिए बलवा नगरपालिका-११ रौजाका रामकिशोर राउत । तर सिंचाइमा अत्यन्त कम पानी आउँदा उनलाई एक कठ्ठा जग्गा सिंचाइ गर्न दिनभर लाग्छ ।

सय मिटर टाढा रहेको खेतमा उनले धेरैअघि निजी लगानीमा गाडेको डेढ इन्चको स्यालो ट्युबेलबाट एकदमै कम पानी आउँछ । त्यसैबाट उनी जेनतेन खेती गरिरहेका छन् । 'हेर्नुस्, राम्रो सिंचाइ छैन । यही स्यालो ट्युबेलको भरमा खेती टिकाइरहेका छौं,' उनले भने 'पानी नै आउँदैन दिनभरि सिंचाइ गरे भने एक कठ्ठा जति पट्छ ।'

११ कठ्ठा खेतमध्ये करिब दुई कठ्ठा बाँझै रहेको बताउँदै उनले सबै खेतमा स्यालो ट्युबेलबाट सिंचाइ सम्भव नहुने समस्या सुनाए । मलखादको अभाव पनि अर्को ठूलो समस्या रहेको उनको भनाइ छ ।

'किसान सधैं दुःखी छ–न सिंचाइ, न समयमा मलखाद । अहिलेसम्म जितेर जाने कोही पनि किसानको समस्याप्रति गम्भीर देखिएन,' उनले गुनासो गरे ।

गाउँछेउमा बाख्रा चराइरहेका भंगहा नगरपालिका-९ पडरियाका ५५ वर्षीय झगरु नदाफलाई चुनावले खासै छोएको छैन ।

'न शिक्षा राम्रो छ, न स्वास्थ्य सेवा । सडकबाटोमा उस्तै धुलो उडिरहेको छ । चुनाव त आउने-जाने भइरहन्छ,' भन्दै उनले दिक्दारी पोखे । सिंचाइ नहुँदा यसपटक महोत्तरीका किसानले ठूलो खडेरीको सामना गर्नुपऱ्यो ।

भण्डारी ४४ वर्षदेखि निरन्तर उम्मेदवार रहँदै आएका छन् । २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन जितेर पहिलोपटक सत्तामा प्रवेश गरेका भण्डारी १९ पटक मन्त्री भइसकेका उनी मधेश केन्द्रित राजनीतिमा अनुभवी र प्रभावशाली नेताका रूपमा चिनिन्छन् ।

तर, भण्डारीको आफ्नो घर अगाडिकै सडक अहिलेसम्म पक्की हुन सकेको छैन । महोत्तरी क्षेत्र नं. ४ मा पर्ने औरही नगरपालिका २ मा पर्ने उनको घर अगाडिको बाटो अहिले पनि साँघुरो, कच्ची र अस्तव्यस्त छन् । त्यो सडकले नै उनको राजनीतिक विरासतलाई गिज्याइरहेको छ ।

**भण्डारीलाई नयाँ र पुरानाको चुनौती**

दुईपटक लगातार विजयी भई तेस्रोपटक चुनावी मैदानमा उत्रिएका भण्डारीलाई यसपटक नयाँ र पुराना दुवै प्रतिस्पर्धीहरूले चुनौती दिइरहेका छन् । कांग्रेसकी यादव र एमालेका नदाफ उनका पुराना प्रतिस्पर्धी हुन् । भण्डारी यसपटक आफ्नो 'अन्तिम निर्वाचन' भन्दै मतदातासँग समर्थन मागिरहेका छन् ।

२०७९ सालको निर्वाचनमा लोसपाबाट उम्मेदवार बनेका भण्डारी पाँच दलीय गठबन्धनको समर्थनमा फराकिलो मतान्तरले विजयी भएका थिए ।

उनले २५ हजार १९० मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी तराई मधेश लोकतान्त्रिक पार्टीका विजयकुमार सिंह ११ हजार १२० मतमा सीमित भए । एमालेका उम्मेदवार रामपरीक्षण यादवले १० हजार २५८ मत ल्याएका थिए ।

त्यसभन्दा अघिल्लो २०७४ सालको निर्वाचनमा राजपा नेपालबाट उम्मेदवार बनेका भण्डारी संघीय समाजवादी फोरम नेपालको गठबन्धनबाट चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए ।

केही समयअघि मात्र मधेशमा भएको लामो आन्दोलनप्रति जनतामा देखिएको सहानुभूतिका कारण उनले कांग्रेसकी किरण यादवलाई १६ हजार ७४८ मतको फराकिलो अन्तरले पराजित गरेका थिए । त्यस निर्वाचनमा भण्डारीले ३० हजार ७२२ मत प्राप्त गर्दा यादव १३ हजार ९७४ मतमा सीमित भएकी थिइन् । सोही निर्वाचनमा माओवादी केन्द्रबाट उम्मेदवार बनेका कासिम नदाफले मात्र ३ हजार मत प्राप्त गरेका थिए । यी दुवै उम्मेदवार यसपटक पनि चुनावी मैदानमा छन् ।

२०७९ को निर्वाचनमा यस क्षेत्रमा कांग्रेस पाँच दलीय गठबन्धनमा रहेकाले भण्डारीलाई नै सहयोग गरेको थियो । त्यसले जित निकाल्न भण्डारीलाई सहज भएको थियो । विगतको जस्तो गठबन्धन यसपटक छैन । यद्यपी केही महिना अघि मात्र जसपा नेपालसँग एकता गरेर त्यसमै भण्डारी आवद्ध दल लोसपा समाहित भएको छ । तर २०७४ मा जस्तो मधेश आन्दोलनको प्रभावको सहानुभूति यसपटक देखिँदैन ।

त्यसका अलावा यसपटक कांग्रेसको नेतृत्व परिवर्तनसँगै स्थानीय तहमा देखिएको आन्तरिक विवाद साम्य छ । यो कांग्रेसको आधार इलाका पनि मान्ने गरिन्छ । नयाँ दलको नाममा रास्वपामा देखिएको राजनीतिक लहरले भण्डारीलाई थप चुनौती दिएको छ ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी

☎ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा

वरिष्ठ डेन्टल सर्जन

BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# निर्वाचनको तयारी अन्तिम चरणमा, सबै जिल्लामा पुऱ्याइयो सामग्री



**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, फाल्गुन १६ गते ।*

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनका लागि मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सबै जिल्लामा पुऱ्याइसकिएको छ ।

पहाडी र हिमाली जिल्लाका मतदान केन्द्रमा खटिइने मतदान अधिकृतले आवश्यक निर्वाचन सामग्री बुझबुझारथ गरी कार्यक्षेत्रतर्फ लागिसकेका छन् भने तराई-मधेस र सहरी जिल्लामा भने मतदान अधिकृतको अनुशिक्षण भइरहेको छ ।

'दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन्,' निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ ।' आयोगका तर्फबाट जिल्लामा सम्पादन हुने काममा सहजीकरण भइरहेको जनाउँदै उनले आज पनि अधिकांश जिल्लामा मतदान अधिकृतका लागि तालिम सञ्चालन भइरहेको बताए ।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायत भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन सङ्घीय सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको पनि उनले बताए । निर्वाचन सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको छ ।

यसैबिच राससका चितवन समाचारदाताका अनुसार तीनवटै निर्वाचन अधिकृतको कार्यालयमा आवश्यक सामग्री पठाइएको छ । यही फागुन १८ गते बिहानदेखि ती सामग्री मतदान अधिकृतले बुझेर लैजानेछन् । मतदानमा खटिने कर्मचारी छनोट, मतदान अधिकृत र सहायक अधिकृतलाई अभिमुखीकरणको कार्यक्रम सम्पन्न भइसकेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिए ।

चितवनका ४९४ मतदान केन्द्रमा मतदान अधिकृत, सहायक अधिकृत र अन्य कर्मचारी गरेर दुई हजार ९६४ जना कर्मचारी खटिनेछन् । चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न चारवटै सुरक्षा निकाय परिचालित भएको

- बाँकी पृष्ठ ३ मा

# धनुषाका आधाभन्दा कम उम्मेदवारले मात्र खोले बैंक खाता

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १६ गते ।*




प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र भइरहेका बेला धनुषा जिल्लामा उम्मेदवारहरूको निर्वाचन खर्च पारदर्शितामा ढिलाइ देखिएको छ । १५४ जना उम्मेदवारमध्ये हालसम्म ८८ जनाले मात्र निर्वाचन प्रयोजनका लागि अनिवार्य बैंक खाता खोलेका छन् ।

मधेस प्रदेश निर्वाचन कार्यालय जनकपुरधामका प्रमुख रोमबहादुर महतका अनुसार निर्वाचन आयोगको निर्देशनबमोजिम प्रत्येक उम्मेदवारले निर्वाचनसम्बन्धी आम्दानी तथा खर्च बैंक खातामार्फत नै सञ्चालन गर्नुपर्ने व्यवस्था छ । आयोगले निर्धारण गरेको खर्च सीमाभित्र रही सबै विवरण अद्यावधिक राख्नुपर्ने उनले चार वटा निर्वाचन क्षेत्र रहेको धनुषामा ५४ जनाले उम्मेदवारी दिएका छन् ।

यसैबिच जिल्ला आचारसंहिता अनुगमन अधिकृत कृष्ण गैरले निर्वाचन आचारसंहिता विपरीत विभिन्न स्थानमा राखिएका करिब १ लाख ५० हजार प्रचार सामग्री नियन्त्रणमा लिइएको जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईंटेल बताए निर्वाचनका सम्पूर्ण प्रशासनिक तथा सुरक्षा तयारी पूरा भइसकेका छन् । जिल्लाभर ६४५ मतदान केन्द्र र ३२ मतदानस्थल तोकिएका छन्, जसमध्ये १९४ स्थल अतिसंवेदनशील सूचीमा राखिएको छ ।

निर्वाचनका लागि ३८७५ कर्मचारी परिचालन गरिएको छ भने ४ हजार ५०० निर्वाचन प्रहरी छनोट भइसकेका छन् । प्रशासनले सामाजिक सञ्जालमार्फत चरित्र हत्या तथा भ्रामक सामग्री प्रसारण नगर्न सचेत गराउँदै प्रमाणसहित फेला परे कडा कारबाही गरिने चेतावनी दिएको छ ।

# विदेशीलाई नागरिकता दिने विषय राष्ट्रघाती : प्रभु साह

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १६ गते ।*




आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले विदेशीलाई नागरिकता दिने विषय घोषणापत्रमा उल्लेख गर्ने दलहरूले तत्काल माफी माग्नुपर्ने बताएका छन् ।

शनिबार सिम्रौनगढमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै साहले २१ फागुनको निर्वाचनलाई लक्षित गरी सार्वजनिक गरिएका घोषणापत्रमा विदेशीलाई नागरिकता दिने प्रावधान राखिएको आरोप लगाए । उनले यस्तो प्रावधान राष्ट्रघाती कदम भएको दाबी गर्दै कडा विरोध जनाए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो घोषणापत्रमा गैरआवासीय नेपालीको 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनालाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिने उल्लेख गरेको छ। साथै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झट अन्त्य गर्ने प्रतिबद्धता जनाइएको छ ।

त्यस्तै नेपाली कांग्रेस ले पनि 'नेपाली डायस्पोरा : अटुट सम्बन्ध, विस्तारित नेपाल' शीर्षकअन्तर्गत 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनालाई आत्मसात गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदान अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

साहले यस्तो विषयमा गम्भीर बहस आवश्यक रहेको उल्लेख गर्दै 'एक पटकको नेपाली सधैंका लागि नेपाली हुन्छ भने एक पटकको अमेरिकी सधैंका लागि अमेरिकी हुन्छ कि हुँदैन ?' भन्ने प्रश्न उठाए ।

- बाँकी पृष्ठ २ मा

# भारतबाट बढेर आयो पेट्रोलियम पदार्थको मूल्य

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १६ गते ।*




नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य यथावत् राखिएको जनाएको छ । पेट्रोलियम पदार्थको मूल्य बढेर आएको भए पनि उपभोक्ताको हितलाई मध्यनजर गर्दै मूल्य यथावत् राखिएको निगमले जनाएको छ ।

हाल पेट्रोलको पहिलो वर्गमा १५४ रुपैयाँ ५० पैसा दोस्रो वर्गमा १५६ रुपैयाँ र तेस्रो वर्गमा १५७ रुपैयाँ प्रतिलिटर तोकिएको छ ।

त्यस्तै डिजेल र मट्टितेलको पहिलो वर्गमा प्रतिलिटर पहिलो वर्गमा १३९ रुपैयाँ ५० पैसा दोस्रो वर्गमा १४१ रुपैयाँ र तेस्रो वर्गमा १४२ रुपैयाँ तोकिएको छ । त्यस्तै एलपी ग्यास प्रतिशिलिन्डर १९१० तोकिएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री